# सूर्यगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १०  संख्याः २  मितिः २०८२/०३/०३

# भाग-२

# सूर्यगढी गाउँपालिका

सूर्यगढी गाउँपालिकाको घर जग्गा बहाल कर व्यवस्थापन कार्यविधि, २०८२ सर्वसाधरणको जानकारीको लागि प्रकाशित गरिएको छ।

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०३/०२**

**सम्बत २०८२ सालको कार्यविधि नं.: १**

# सूर्यगढी गाउँपालिका
# घर जग्गा बहाल कर व्यवस्थापन कार्यविधि, २०८२

**प्रस्तावनाः** नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन पाउने घर बहाल करको करदाता पहिचान, कर मूल्यांकन, कर निर्धारण र कर असुली कार्यलाई सरल, पारदर्शी र व्यवस्थित बनाई गाउँपालिकाको आन्तरिक स्रोत परिचालनमा प्रभावकारीता ल्याउने विषयमा आवश्यक व्यबस्था गर्न बाञ्छनीय भएकोले,
सूर्यगढी गाउँपालिकाको मिति २०८२ असार २ गतेको गाउँ कार्यपालिका बैठकले सूर्यगढी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "घर जग्गा बहाल कर व्यबस्थापन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि गाउँपालिका क्षेत्रभर लागू हुनेछ र यस कानून बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ।

(३) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

**क) "ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ।

**ख) "कर"** भन्नाले ऐन र यस कार्यविधि बमोजिम घर जग्गा बहाल बापतको आयमा गाउँपालिकाको आर्थिक ऐनले तोकेको दरमा लाग्ने बहाल कर सम्झनु पर्छ र यो शब्दले प्रचलित कानून बमोजिम बहाल करको अतिरिक्त सोमा लाग्ने व्याज, हर्जाना, शुल्क वा जरिवाना समेतलाई जनाउँछ।

**ग) "कर अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी प्राप्त गरेको कर्मचारी वा प्रमुख प्रशासकीय अधिकृतद्वारा प्रत्यायोजित अधिकार प्रयोग गर्ने कर्मचारीलाई समेत जनाउँछ।

**घ) "करदाता"** भन्नाले ऐन र यस कार्यविधि बमोजिम कर तिर्नुपर्ने दायित्व भएको व्यक्तिलाई सम्झनु पर्छ र यो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारबाही शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ।

**ङ) "कार्यविधि"** भन्नाले घर जग्गा बहाल कर व्यबस्थापन कार्यविधि, २०८२ सम्झनु पर्छ।

**च) "कार्यालय"** भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ र यो शब्दले गाउँपालिकाको संगठन संरचनामा रहेको विभाग/महाशाखा/शाखा/उपशाखा/वडा कार्यालय वा राजस्व प्रशासनका लागि गठन गरिएको प्रशासनिक एकाइ समेतलाई जनाउँछ।

**छ) "गाउँपालिका"** भन्नाले सूर्यगढी गाउँपालिका सम्झनु पर्छ।

**ज) "घर जग्गा"** भन्नाले ऐन र यस कार्यविधि बमोजिम बहाल कर लाग्ने कुनै व्यक्तिको स्वामित्वमा रहेको घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरीलाई सम्झनु पर्छ।

**झ) "बहाल"** भन्नाले कुनै व्यक्तिले आफ्नो स्वामित्वमा रहेको गाउँपालिका क्षेत्रभित्रको घर जग्गा निश्चित अवधीका लागि पुरै वा आंशिक तबरले अरुलाई भोग चलन गर्न दिएवापत प्राप्त गर्ने भाडा, बहाल, लिज वा पट्टा रकम समेतलाई सम्झनु पर्छ।

**ञ) "वडा कार्यालय"** भन्नाले गाउँपालिका अन्तर्गतको वडा कार्यालयलाई सम्झनु पर्दछ।

## परिच्छेद २
## करदाताको पहिचान र दर्ता सम्बन्धी व्यबस्था

**३. करदाताको पहिचानः** (१) यस कार्यविधिको प्रयोजनका लागि गाउँपालिका क्षेत्रभित्र आफ्नो स्वामित्वमा रहेको घर वा जग्गा पुरै वा आंशिक तबरले अरुलाई भोग चलन गर्न दिएवापत भाडा, बहाल, लिज वा पट्टा रकम प्राप्त गर्ने व्यक्ति वा निजको प्रतिनिधि करदाता हुनेछ।

तर, मुनाफाको उद्देश्य नराखी संचालन हुने विद्यालय, मन्दिर, पुस्तकालय, क्लब, सामुदायिक संस्था, सरकारी निकाय आदिले आफ्नो स्वामित्वको घर वा जग्गा भाडामा दिएकोमा यस कार्यविधि बमोजिम कर लाग्ने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वामित्व कायम नभएको ऐलानी वा पर्ती वा सार्वजनिक जग्गामा बसोवास गर्ने व्यक्तिले आफ्नो घर जग्गा अन्य व्यक्ति वा संस्थालाई वहालमा दिएको वा कुनै जग्गा लिजमा लिई घर भाडामा लगाएको व्यक्ति समेत ऐन र यस कार्यविधि बमोजिम करदाता मानिनेछ।

(३) उपदफा (२) बमोजिम बहाल कर तिरेको आधारमा मात्र ऐलानी वा पर्ति वा सार्वजनिक जग्गामा बसोवास गर्ने वा त्यस्तो जग्गाको उपयोग गर्ने व्यक्तिको स्वामित्व कायम भएको मानिने छैन र त्यस्तो जग्गा नेपाल सरकार वा अन्य सरकारी निकायबाट प्रचलित कानून बमोजिम खाली गर्ने वा संरचना हटाउने कार्यलाई यस ऐन बमोजिम बहाल कर तिरेको कारणले मात्र कुनै किसिमले बाधा पारेको मानिनेछैन।

(४) कार्यालयले ऐन र यस कार्यविधि बमोजिम करदाताको पहिचान गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम करदाता पहिचान गर्दा करदाताले पेश गरेको विबरण, स्थलगत सर्बेक्षण वा अन्य जुनसूकै स्रोतबाट प्राप्त सूचनाको आधारमा गर्न सकिनेछ।

**४. करदाता दर्ताः** (१) करदाताले आफ्नो घर जग्गा बहाल सम्बन्धी दफा ७ बमोजिमको विबरण खुलाई कार्यालयमा पेश गर्नु पर्नेछ।

(२) करदाताले बुझाएको विवरणमाथि कार्यालयले आवश्यक थप अनुसन्धान तथा छानविन गर्न सक्नेछ।

(३) यस दफा बमोजिम करदाताको विवरण संकलन गरेसंगै कार्यालयले प्रत्येक करदातालाई निश्चित पहिचान नम्वर प्रदान गरी ब्यक्तिगत अभिलेखमा दर्ता गरी राख्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम करदाताको पहिचान नम्बर प्रदान गर्दा करदाताले गाउँपालिकालाई प्रचलित कानून बमोजिम तिर्नु बुझाउनु पर्ने सबै करको लागि एउटै करदाता पहिचान नम्बर कायम गर्ने व्यबस्था गर्न सकिनेछ।

**५. कर बुझाउने दायित्वः** (१) ऐन र यस कार्यविधि बमोजिम घर जग्गा बहाल कर बुझाउने दायित्व घर जग्गा बहालमा लगाउने व्यक्ति वा निजको प्रतिनिधीको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि घर जग्गा बहालमा लिने व्यक्ति, संस्था वा निकाय स्वयम्ले कर बुझाउने गरी घर जग्गा धनीसंग संझौता भएको अवस्थामा घरधनीलाई बहाल रकम भुक्तानी गर्दाकै अवस्थामा बहाल कर बापतको रकम कट्टा गरी कार्यालयमा बुझाउने दायित्व सम्बन्धित बहालमा बस्ने व्यक्ति, संस्था वा निकायको हुनेछ।

(३) उपदफा (२) बमोजिम बहाल रकम कट्टा गरी कार्यालयमा बुझाउनु पर्ने दायित्व भएको व्यक्ति, संस्था वा निकायले त्यसरी कर कट्टा नगरेको वा कट्टा गरी नबुझाएको कारणले मात्र घर जग्गा बहालमा लगाउने व्यक्तिले कर तिर्ने दायित्वबाट उन्मुक्ति पाउनेछैन।

(४) बहालमा लगाइएको कुनै घर जग्गाको सम्बन्धमा उपदफा (१) बमोजिम कर बुझाउने दायित्व एकभन्दा बढी व्यक्ति उपर रहेछ भने कर बुझाउने दायित्व सबैको समान हुनेछ र उनीहरुमध्ये आपसी सहमतीको जुनसुकै व्यक्तिले कर बुझाउन सक्नेछ।
तर, सबै करदाताबाट दामासाहीले भाग गरी कर असुल गरिने छैन।

(५) ऐन र यस कार्यविधि बमोजिम कर तिर्नुपर्ने व्यक्ति नाबालक रहेछ भने निजले बुझाउन पर्ने कर निजको अभिभावक वा निजको संरक्षकले तिर्नुपर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि मानो नछुटिई एउटै भान्सा प्रयोग गर्ने एकासगोलको परिवारले आफ्नो एकलौटी हक रहने गरी संचालन गरेको व्यबसायले उपयोग गरेको घर वा जग्गामा बहाल कर लगाइने छैन। तर, त्यस्तो व्यबसाय संचालन गर्दा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पेश गरिने विवरणमा घर जग्गा बहाल तिरेको भनी खर्च देखाइएको रहेछ भने यस उपदफा बमोजिमको कर छुट पाइने छैन।

(७) ऐन र यस कार्यविधि बमोजिम आफुलाई करदाताको रुपमा दर्ता गराउने, तोकिएको समयमा विबरण पेश गर्ने, बुझाउनु पर्ने कर तथा शुल्क वा जरिवाना वा व्याज हर्जाना समयमै दाखिला गर्ने, कर अधिकृत वा कार्यालयले माग गरेको सूचना वा तथ्यांक समयमै उपलब्ध गराई सहयोग पुर्याउने दायित्व समेत करदाताको हुनेछ।

**६. सम्झौता गर्नुपर्नेः** (१) कुनै व्यक्तिले घरजग्गा बहालमा लगाउँदा बहाल लिनेदिने घरजग्गाको विबरण सहित बहालको मासिक वा वार्षिक दर खुलाई कर तिर्ने दायित्व प्रष्ट किटान गरी अनुसूची-१ बमोजिमको ढाँचामा वडा कार्यलायमा दर्ता गरी बहाल सम्झौता गरिएको हुनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको सम्झौता पत्र र त्यस्तो संझौताको नविकरण वा बहाल रकम लगायत सम्झौताका प्राबधानहरुमा गरिएको कुनै परिवर्तन वा पुरक सम्झौता वा म्याद समाप्त नभई बीचैमा सम्झौता रद्द भएको अवस्थामा समेत सोको जानकारी करदाताले पैतिस दिनभित्र कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम उल्लिखित ढाँचामा सम्झौता नभएको कारणबाट वा सम्झौतामा खुलाउनु पर्ने सबै व्यहोरा नखुलाई सम्झौता गरिएको कारणबाट तथा उपदफा (२) बमोजिम

संझौताको जानकारी नदिएको कारणले मात्र ऐन र यस कार्यविधि बमोजिम कर तिर्नुपर्ने दायित्व भएको कुनैपनि करदाताले करतिर्ने दायित्वबाट उन्मुक्ति पाउने छैन।

## परिच्छेद ३

## विबरण दाखिला सम्बन्धी व्यबस्था

**७. विबरण दाखिला गर्नेः** (१) घर जग्गा बहालमा दिने व्यक्तिले बहालमा दिएको मितिले पैतिस दिनभित्र बहाल रकम र बहाल अवधि स्पष्ट खुलेको बहाल सम्झौता पत्रको प्रतिलिपि, धनीपूर्जाको प्रतिलिपि, बहालमा बस्नेको आधिकारिक विवरण सहित संलग्न गरी अनुसूची-२ बमोजिमको ढाँचाको विवरण कार्यालयमा दाखिला गर्नुपर्छ। तर, दफा ३ को उपदफा (२) बमोजिमको अवस्थामा यस दफा बमोजिम विबरण दाखिला गर्दा धनीपूर्जा पेश गर्न अनिवार्य हुनेछैन।

(२) यो कार्यविधि प्रारम्भ हुनु अगावै घर जग्गा बहालमा दिएका करदातालाई कार्यालयले साठ्ठी दिनभित्र यस कार्यविधि बमोजिम विवरण दाखिला गर्न अनुसूची-३ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचना प्रकाशित भएकोमा करदाताले उपदफा (१) मा उल्लिेख भए बमोजिमको ढाँचामा विबरण पेश गर्नुपर्नेछ। तर, कुनै करदाताले यसअघि विबरण पेश गरिसकेको रहेछ भने नपुग विबरण मात्र पेश गरे पुग्नेछ ।

(४) उपदफा (२) बमोजिम बिवरण दाखिला सम्बन्धी सूचनालाई कार्यालयले रेडियो, टेलिभिजन, पत्रपत्रिका लगायत अन्य उपयुक्त संचार माध्यमद्वारा प्रचार प्रसारको व्यबस्था मिलाउन सक्नेछ।

(५) यस कार्यविधि बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले विवरण दाखिला नगरेमा वा बिवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली तीस दिनभित्र बिवरण दाखिला गर्न आदेश दिन सक्नेछ।

(६) उपदफा (२) बमोजिम तोकिएको वा उपदफा (५) बमोजिम आदेश भएको म्यादभित्र विबरण दाखिला गर्न नसक्ने व्यक्तिले आधार र कारण खोली म्याद थपको लागि निबेदन दिएमा प्रमुख प्रशासकीय अधिकृतले औचित्य हेरी तीस दिनसम्म म्याद थप गरिदिन सक्नेछ।

**८. विबरण सच्याउन सकिनेः** (१) यस कार्यविधि बमोजिम विवरण दाखिला भैसकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले सो सम्बन्धी तथ्य वा प्रमाण संलग्न गरी पहिलो बिवरण दाखिला गरेको तीन महिनाभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निबेदन उपर प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गर्न लगाई व्यहोरा मनासिव ठहर गरेको अवस्थामा तीस दिनभित्र विवरण सच्याउने स्वीकृती दिन सक्नेछ।

## परिच्छेद ४

## करको दर निर्धारण सम्बन्धी व्यवस्था

**९. बहाल करको दरः** (१) गाउँपालिका क्षेत्रभित्र ऐन यस कार्यविधि बमोजिम लगाइने बहाल करको दर गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

(२) गाउँपालिकाले करको दर निर्धारण गर्दा सिमान्त करदाताको हितलाई ध्यानमा राखी प्रगतिशील करको दर लागू गर्न सक्नेछ।

**१०. बहालको न्यूनतम् दररेट निन्धारणः** (१) गाउँपालिकाले ऐन तथा यस कार्यविधि बमोजिम लगाउने बहाल करको प्रयोजनको लागि करदाताले पेश गरेको बिवरण र बहाल संझौतामा उल्लिखित रकमलाई आधार मानी कर निर्धारण गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि करदाताले पेश गरेको बिवरणमा उल्लिखित बहाल रकम गाउँपालिकाद्वारा तोकिएको न्यूनतम दरभन्दा कम भएको खण्डमा उपदफा (३) बमोजिम गाउँपालिकाले निर्धारण गरेको न्यूनतम बहालदरका आधारमा कर निर्धारण गरिनेछ।

(३) उपदफा (२) को प्रयोजनको लागि गाउँपालिकाले कार्यपालिकाको निर्णय बमोजिम आफ्नो क्षेत्रभित्रको घरजग्गाको व्यापारिक महत्व, शहरी सेवा सुविधा र घरजग्गा बहालको प्रयोजन समेतका आधारमा बर्गीकरण गरी घरजग्गा बहालको न्यूनतम् दर निर्धारण गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम घर जग्गाको न्यूनतम बहाल रकम निर्धारण गरी सिफारिश गर्न कार्यपालिकाले देहाय बमोजिमको न्यूनतम बहाल दर निर्धारण समिति गठन गर्न सक्नेछः

| | | |
|---|---|---|
| क) | प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| ख) | स्थानीय उद्योग वाणिज्य संघ, प्रतिनिधि | सदस्य |
| ग) | गाउँपालिकाको प्राविधिक शाखाप्रमुख | सदस्य सचिव |

## परिच्छेद ५

## कर निर्धारण तथा सोको सूचना

**११. कर निर्धारणः** (१) करदाताले दफा ७ बमोजिम कार्यालयमा दाखिला गरेको विवरणका आधारमा कर अधिकृतले अनूसूची-४ बमोजिमको ढाँचामा कर निर्धारण गर्नेछ।

(२) यस कार्यविधि बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा उल्लिखित बहाल रकम दफा १० बमोजिम कायम गरिएको न्यूनतम रकमभन्दा कम भएको अवस्थामा कर अधिकृतले गाउँपालिकाले तोकेको न्यूनतम बहाल रकमको आधारमा प्रारम्भिक कर निर्धारण गरी सोको सूचना करदातालाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम गरिएको प्रारम्भिक कर निर्धारणमा चित्त नबुझ्ने करदाताले प्रारम्भिक कर निर्धारणको सूचना पाएको तीस दिन भित्र कार्यालयमा प्रमाण सहित आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिमको म्यादभित्र स्पष्टीकरण पेश गरेकोमा सो समेतलाई आधार मानी तथा स्पष्टीकरण पेश नगरेको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले यस दफा बमोजिम निर्णय पर्चा खडा गरी अन्तिम कर निर्धारण गर्नु पर्नेछ।

**१२. कर निर्धारणको सूचनाः** (१) दफा ११ बमोजिम कर अधिकृतबाट कर निर्धारण भएपछि करदाताले बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित स्थान र समय सीमाभित्र कर बुझाउनु पर्नेछ।

## परिच्छेद ६

## कर दाखिला र कर असूली सम्बन्धी व्यबस्था

**१३. कर दाखिला गर्नुपर्नेः** (१) करदाताले यस कार्यविधि बमोजिम प्रत्येक आर्थिक वर्षको निमित्त तिर्नुपर्ने कर रकम सोही आर्थिक बर्ष भित्र दाखिला गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि करदाताले चाहेमा चालु आर्थिक वर्षको कर तोकेको बैंक खातामा/वडा कार्यालयमा मासिक वा चौमासिक वा अर्धवार्षिक रुपमा समेत दाखिला गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको बैंक खातामा कर दाखिला गरेको अवस्थामा करदाताले त्यसको बैंक भौचर कार्यालयमा बुझाउनु पर्नेछ।

(४) कार्यालयले यस कार्यविधि बमोजिम करदाताले तिर्नुपर्ने कर रकम विद्युतीय माध्यमबाट समेत भुक्तानी गर्ने व्यवस्था मिलाउन सक्नेछ।

**१४. अग्रिम कर बुझाएमा छुट पाउन सक्नेः** कुनै करदाताले तिर्नु बुझाउनु पर्ने कर रकम अग्रिम रुपमा दाखिला गर्न चाहेमा गाउँपालिकाको आर्थिक ऐनमा तोकिएको दरमा छुट पाउन सक्नेछ।

**१५. कर दाखिलाको निस्सा दिनुपर्नेः** करदाताले यस कार्यविधि बमोजिम बुझाउनु पर्ने कर रकम दाखिला गरेपछि कार्यालयले करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ।

**१६. कर असूली सम्बन्धी व्यबस्थाः** प्रचलित कानून र यस कार्यविधि बमोजिम तिर्नु बुझाउनु पर्ने कर वापतको रकम करदाताले यस कार्यविधिमा तोकिएको अवधीमा दाखिला नगरेमा कर अधिकृतले गाउँपालिकाको प्रचलित आर्थिक ऐन बमोजिम हर्जाना सहित कर असूल गर्न सक्नेछ।

**१७. बहाल कर दर्ता किताबः** यस कार्यविधि बमोजिम दाखिला र असुली भएको कर तथा वक्यौता करको बिवरण स्पष्ट रुपमा खुलाई अनुसूची-५ बमोजिमको बहाल कर दर्ता किताबमा लगत राख्ने जिम्मेवारी कर अधिकृतको हुनेछ।

## परिच्छेद ७

## विविध

**१८. पुनः कर निर्धारण गर्न सकिनेः** (१) ऐन र यस कार्यविधि बमोजिम कर निर्धारण गरिसकेको भएता पनि दफा १० बमोजिम तोकिएको न्यूनतम घरजग्गा बहाल दरभन्दा करदाताले बहालमा लगाएको घरजग्गाको वास्तविक बहाल दर घटी भएको भन्ने विश्वसनीय आधार पेश हुन आएमा पुनः कर निर्धारण गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रत्यायोजित अधिकारको प्रयोग गर्ने कर अधिकृतले ऐन र यस कार्यविधि बमोजिम निर्धारण गर्नुपर्ने कर रकम घटाएको मान्नु पर्ने यथेष्ट र मनासिव कारण देखिएमा प्रमुख प्रशासकीय अधिकृतले र प्रमुख प्रशासकीय अधिकृत

स्वयंलेनै कर निर्धारण गरेको अवस्थामा गाउँपालिका अध्यक्षले पुनः कर निर्धारणको आदेश दिन सक्नेछ।

**१९. कर पुनरावलोकन गर्न सकिनेः** (१) यस कार्यविधि बमोजिम कर निर्धारणको निर्णयमा चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले तीस दिनभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष कर पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कर पुनरावलोकनको लागि निवेदन दिँदा आवश्यक तथ्य प्रमाण सहित निर्धारण भएको कर रकमको पचास प्रतिशतले हुन आउने रकम बराबरको रकम धरौटी समेत निवेदन साथ पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कर पुनरावलोकनका लागि परेको निबेदनमाथि साठ्ठी दिनभित्र कारबाही र किनारा गर्नु पर्नेछ।

**२०. उजुरी नलाग्नेः** यस कार्यविधि बमोजिम कर पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा उजुर लाग्ने छैन।

**२१.पुनरावेदन दिन सक्नेः** यस कार्यविधि बमोजिम पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले साठी दिनभित्र चित्त नबुझ्ने पक्षले प्रचलित कानून बमोजिम पुनरावेदन गर्न सक्नेछ।

**२२.कर पुस्तिका जारी गर्न सक्नेः** (१) करदाताको सहजताका लागि गाउँपालिकाले कर असुली सम्बन्धी विबरण समावेश भएको अनुसूची-६ बमोजिमको कर पुस्तिका जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कर पुस्तिका जारी भएपछि प्रत्येक पटक कर दाखिला गरेको विवरण करदाताले स्वयम्ले उक्त पुस्तिकामा प्रविष्ट गर्न सक्नेछ।

(३) करदाताले प्रत्येक वर्षको असार मसान्त सम्ममा कर पुस्तिका कर अधिकृतबाट प्रमाणित गराउनु पर्नेछ।

**२३. कागजातहरु गोप्य रहनेः** प्रचलित कानून र यस कार्यविधि बमोजिम कार्यालयमा पेश भएका करसँग सम्बन्धित कागजातहरु गोप्य राखिनेछ र त्यस्ता कागजातहरु कर सम्बन्धी कारवाई बाहेक अन्य प्रयोजनका लागि उपयोग गरिने छैन। तर, प्रचलित कानून बमोजिम अधिकारप्राप्त निकायले माग गरेको अवस्थामा कागजात उपलब्ध गराउन यस व्यबस्थाले बाधा परेको मानिने छैन।

**२४. वाधा अड्काउ फुकाउने अधिकारः** (१) यो कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा त्यस्तो वाधाअड्काउ फुकाउन कार्यपालिकाले आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले जारी गरेको आदेश यसै कार्यविधिमा उल्लेख भए सरह मानिनेछ।

(३) उपदफा (१) बमोजिम आदेश जारी गर्ने अधिकारको प्रयोग गर्दा प्रचलित कानूनको मूलभूत कुरालाई असर नपर्ने गरी मात्र गर्न सकिनेछ।

**२५.बचाउः** (१) यस कार्यविधिमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

(२) यो कार्यविधि लागू हुनुपूर्व भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

आज्ञाले,
शैलेश किरण राई चाम्लिङ
प्रमुख प्रशासकीय अधिकृत

सूर्योदय गाउँपालिका

## अनुसूची १

## (दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

## बहाल सम्झौता पत्र

हामी तपसीलमा उल्लिखित दुई पक्षहरु (प्रथम पक्षः घर जग्गा धनी र द्वितीय पक्षः घर जग्गा बहालमा लिने) बीच देहाय बमोजिमका शर्त बन्देजभित्र रही तपसिलमा उल्लिखित घर जग्गा बहालमा लिन/दिन मञ्जुर भै यो सम्झौतामा हस्ताक्षर गरी सोको एक/एक प्रति लियौं/दियौं।

**(क) प्रथम पक्षको विवरण**

१. नाम, थरः

२. बाबुको नाम थरः

३. बाजेको नाम थरः

४. नागरिकता प्रमाण पत्र नं.

५. करदाता परिचय पत्र नं.

६. ठेगानाः

७. फोन नं.     मोवाईलः

**(ख) द्वितीय पक्षको विवरण**

१. नाम, थरः

२. बाबुको नाम थरः

३. बाजेको नाम थरः

४. नागरिकता प्रमाण पत्र नं.

५. करदाता परिचय पत्र नं.

६. ठेगानाः

७. फोन नं.     मोवाईलः

**तपसिलः**

(क) प्रथम पक्षको घर जग्गाको विवरण

१. घर जग्गाको विवरणः

२. क्षेत्रफलः

३. कित्ता नं.

४. घर नं.

५. मार्गः

६. वडा नं.

७. बहालमा दिनेको हस्ताक्षरः

(ख) दोश्रो पक्षको घर जग्गाको उपयोग सम्बन्धी विवरण

१. प्रयोजन (आवासीय/व्यवसायिक आदि):

२. व्यवसायको प्रकृतिः

३. व्यवसाय दर्ता नं.

४. बहालमा लिनेको हस्ताक्षरः

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

**<u>शर्त तथा बन्देजहरु</u>**

(१) यो बहाल सम्झौताको अवधि.........................देखि...................... सम्म कायम रहनेछ।

(२) यस सम्झौता बमोजिमको घरजग्गा बहालमा लिए बापत दोस्रो पक्षले प्रथम पक्षलाई बहाल स्वरुप मासिक रकम रु............. का दरले बार्षिक रु ............... अक्षेरेपी रु............................. बुझाउनु पर्नेछ।

(३) बहाल भुक्तानी तरिका...................र किस्ताको किसिम वार्षिक/मासिक/चौमासिक/अन्य हुनेछ।

(४) नियमानुसार लाग्ने बहाल कर तिर्ने दायित्व प्रथम पक्ष/द्वितीय पक्षको हुनेछ।

(५) अन्य शर्तहरु दुबै पक्षको सहमतीमा थपघट र हेरफेर गर्न सकिनेछ।

## अनुसूची २
## (दफा ७ को उपदफा (१) सँग सम्बन्धित)
## बहाल कर विबरण दाखिला निवेदन फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
सूर्यगढी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
चोकदे, नुवाकोट, बागमती प्रदेश, नेपाल।

मेरो/हाम्रो स्वामित्व/भोगचलनमा रहेको तपसिलमा उल्लेखित घर/जग्गा बहालमा रहेको हुँदा घरजग्गा बहाल कर व्यबस्थापन कार्यविधि, २०८२ अनुसार तिर्नु बुझाउनु पर्ने बहाल कर प्रयोजनको लागि यो विवरण बुझाउन आएका छु/छौं। प्रचलित कानून बमोजिम कर निर्धारण गरी पाउन आवश्यक कागजात यसैसाथ संलग्न गरेको छु/छौं। विवरण फरक ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

| बहालमा रहेको घर जग्गाको विवरण | | | | बहालमा वस्नेको नाम | बहालमा वस्नेको पेशा वा व्यवसाय | मासिक बहाल रकम | सम्झौता अवधि | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | सडक नाम | घर नं. | क्षेत्रफल/ कोठा संख्या | | | | देखि | सम्म | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

कर बुझाउने तरिकाः मासिक/चौमासिक/वार्षिकः........................

**<u>करदाताको विवरण</u>**

परिचयपत्र नं.....................
करदाताको नामः...............................
बाबुको नामः...........................
बाजेको नामः...............................
नागरिकता प्रमाण पत्र नं. र जारी जिल्लाः......................
ठेगानाः.......................................
सम्पर्क फोनः ..................... इमोलः ................................. मोवाईलः ............................

निवेदन गर्नेको
नामः......................................
ठेगानाः...............................................
मितिः...............................................
दस्तखतः ...........................................

**नोटः**

१) संलग्न गर्नुपर्ने कागजातहरु
क) घर जग्गाको स्वामित्व देखाउने कागजातको प्रतिलिपिहरु-१
ख) बहाल सम्झौताको प्रतिलिपिहरु-१
ग) बहालमा वस्ने व्यक्तिको नागरिकताको प्रमाणपत्रको वा संस्था भए संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि-१
घ) करदाताको नागरिकताको प्रतिलिपि, संस्थागत करदाता भए दर्ता प्रमाणपत्र तथा मुख्यव्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि-१

*द्रष्टव्यः दफा ३ को उपदफा (२) बमोजिमको अवस्थामा बिबरण दाखिला गर्दा माथि १ (क) बमोजिम घर जग्गाको स्वामित्व देखाउने कागजात पेश गर्न अनिवार्य हुनेछैन।*

सूर्यगढी गाउँपालिका

**अनुसूची ३**

**(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)**

**सूर्यगढी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**चोकुदे, नुवाकोट।**

**<u>घरजग्गा बहाल सम्बन्धी विबरण पेशगर्ने बारेको अत्यन्त जरुरी सूचना</u>**

प्रथम पटक प्रकाशित मिति २०७..।...।....

यस सूर्यगढी गाउँपालिकाले आ.व. २०८१/८२ देखि घरजग्गा बहाल कर लागू गरेको हुँदा गाउँपालिका क्षेत्रभित्र आफ्नो निजि स्वामित्वमा रहेको वा स्वामित्व कायम नभएको ऐलानी वा पर्ती वा सार्वजनिक जग्गामा बसोवास गर्ने व्यक्तिले आफ्नो घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तबरले अरुलाई भोग चलन गर्न भाडा, बहाल, लिज वा पट्टामा दिएको वा कुनै जग्गा लिजमा लिई घर भाडामा लगाएको व्यक्ति समेतलाई आफ्नो बहालमा दिएको घरजग्गा सम्बन्धी विवरण दाखिला गरी गाउँपालिकामा लगत कायम गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

घरजग्गा बहाल सम्बन्धी विवरण दाखिला गर्ने फाराम गाउँ कार्यपालिकाको कार्यालयबाट यही २०८..।...।.. गतेदेखि वितरण हुने हुँदा फाराम प्राप्त गर्नुभई सो फाराममा सत्यतथ्य विवरण भरी आगामी २०८..।......।... गतेभित्र कार्यपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा दाखिला गर्नुहुन अनुरोध गरिन्छ।

घरजग्गा बहाल सम्बन्धी विवरण पेश गर्दा बहालमा दिएको घर जग्गाको विबरण, बहाल रकम र बहाल अवधि स्पष्ट खुलेको बहाल सम्झौता पत्रको प्रतिलिपि, धनीपूर्जाको प्रतिलिपि, बहालमा बस्नेको आधिकारिक विवरण सहित तोकिएको ढाँचामा पेश गर्नुपर्नेछ। विबरण पेश गर्ने ढाँचा कार्यपालिकाको कार्यालय तथा सम्बन्धित वडा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ।

विवरण घरजग्गा धनी आफै वा निजको सगोल परिवारका व्यक्ति वा निजको मञ्जुरीनामा प्राप्त व्यक्तिले मात्र बुझाउन सक्नेछन्। गाउँपालिकाले तोकेको अन्तिम मितिसम्म पनि विवरण दाखिला नगर्ने घरजग्गा धनीहरूले विलम्ब शुल्क तिर्नुपर्ने हुँदा तोकिएको समयभित्रै आ-आफ्नो बहालमा दिएको घरजग्गाको विवरण पेश गर्नुहुन हार्दिक अनुरोध गरिन्छ।

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ४

(दफा ११ सँग सम्बन्धित)

**बहाल कर निर्धारणको सूचना**

करदाता परिचयपत्र नं. ......................................

करदाताको नामः ...............................................

ठेगानाः ............................................................

कर निर्धारण गरेको आर्थिक वर्षः ............................

कर निर्धारण गरेको मितिः ....................................

| सि.नं. | घर जग्गाको विवरण | कर लाग्ने कुल बहाल रकम | .... प्रतिशतले कायम हुने कर | अग्रिम दाखिला गरेको रकम | अब दाखिला गर्न बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| गत बिगत वर्षको बक्यौता | | | | | | |
| जम्मा | | | | | | |

कर अधिकृत

सूर्योदय गाउँपालिका

## अनुसूची-५
## (दफा १७ सँग सम्बन्धित)
## बहाल कर दर्ता किताब

**(क) करदाता/बहालमा दिनेको विवरण**

सम्पत्ति बहाल दिने करदताको नामः .....................................

दर्ता नम्बरः ..................................................................

स्थायी लेखा नम्बरः .........................................................

**ठेगानाः**

जिल्लाः नुवाकोट गाउँपालिकाः सूर्यगढी

वडाः ..................... सडकनामः .....................................

घर नं. ...................

फोन नं. ................. मोवाईल नं. ....................................

इमेल ठेगानाः .................................................................

| आ.व. | बहालमा दिएको घर जग्गाको विवरण | | | | | बहालमा बस्नेको नाम | बहालको प्रयोजन | बार्षिक/मासिक बहाल रकम रु. | ..... प्रतिशतले हुन आउने कर रकम रु. | सम्झौता अवधी | जरिवाना, व्याज, शुल्क | बक्यौता रकम | जम्मा कर रकम | असुली विवरण | | | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडा नं. | सडक नाम | घर नं. | कित्ता नं. | क्षेत्रफल | | | | | | | | | मिति | रसिद नं. | रकम | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

सूर्यगढी गाउँपालिका

## अनुसूची-६

### (दफा २२ को उपदफा (१) सँग सम्बन्धित)

### बहाल कर दाखिला विबरण पुस्तिका

करदाताको नामः ......................................................

करदाता संकेत नम्बरः ................................................

ठेगानाः ....................................................................

वडाः .......................... सडक नामः ..........................

घर नं. ....................................................................

फोन नं. ................... मोवाईल न. ............................

इमेल ठेगानाः ..........................................................

| बहालको अवधी | | कर दाखिलाविबरण | | | प्रमाणित गर्नेको | | बहाल अवधी | | कर दाखिलाविबरण | | | प्रमाणित गर्नेको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वर्ष | महिना | रकम रु | दाखिला मिति | बैंकभौचर वा रसिद नं | दस्तखत | मिति | वर्ष | महिना | रकम रु | दाखिला मिति | बैंकभौचर वा रसिद नं | दस्तखत | मिति |
| २०८..... | श्रावण | | | | | | २०८..... | श्रावण | | | | | |
| २०८..... | भाद्र | | | | | | २०८..... | भाद्र | | | | | |
| २०८..... | आश्विन | | | | | | २०८..... | आश्विन | | | | | |
| २०८..... | कार्तिक | | | | | | २०८..... | कार्तिक | | | | | |
| २०८..... | मंसिर | | | | | | २०८..... | मंसिर | | | | | |
| २०८..... | पुष | | | | | | २०८..... | पुष | | | | | |
| २०८..... | माघ | | | | | | २०८..... | माघ | | | | | |
| २०८..... | फाल्गुण | | | | | | २०८..... | फाल्गुण | | | | | |
| २०८..... | चैत्र | | | | | | २०८..... | चैत्र | | | | | |
| २०८..... | बैशाख | | | | | | २०८..... | बैशाख | | | | | |
| २०८..... | जेठ | | | | | | २०८..... | जेठ | | | | | |
| २०८..... | असार | | | | | | २०८..... | असार | | | | | |